स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

प.सं: २०८०/०८१ बागमती प्रदेश, नेपाल

सू.नं. मितिः २०८१/०१/१८

**विषयः आगलागी तथा वन डढेलो नियन्त्रण सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा पछिल्ला केहि दिन यता देशका अन्य भु-भाग लगायत हेलम्बु गाउँपालिका क्षेत्रका वनमा समेत डढेलो लगाउने क्रियाकलापहरू बढेको देखिन्छ । त्यस्ता क्रियाकलापहरूबाट वन क्षेत्र लगायत मानव स्वास्थ्य तथा समग्र वातावरणमा नै नकारात्मक प्रभाव पर्ने विषय आम जानकारीको विषय नै हो भने कानुनले बर्जित गरेको विषय समेत हो । तसर्थ, आम हेलम्बुबासी लगायत सम्बद्ध सबैमा वन क्षेत्रमा डढेलो लगाउने जस्ता कुनै पनि कार्य नगर्नु हुन आग्रह गर्दै अन्यथा वन ऐन २०७६ को दफा ५० को उपदफा (४) लगायतका प्रचलित नियमानुसार कानुनी कारबाहि गरिने विषय समेत सबैलाई सूचित गरिन्छ । साथै त्यस्ता क्रियाकलाप गर्ने व्यक्तिको बारे स-प्रमाण जानकारी यस कार्यालयमा दिएमा सूचनादाताको नाम गोप्य राखी निजलाई रु ५००००/- नगद पुरस्कार दिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

धन ध्वज लामा

नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

वडा कार्यालयहरू सबै

इलाका प्रहरी कार्यालय

रेडियो मेलम्ची, मेलम्ची, सिन्धुपाल्चोक

(नोटः हेलम्बु गा.पा. को सम्पर्क नं ९८५१३४८४७७, ९८६०९९७२५५)

Email: helamburm@gmail.com Website: helambumun.gov.np